गल्छी गाउँपालिकाको ६५ औ कार्यपालिका बैठक

वैठक संख्याः ६५^औं^

मिति २०८३/०१/२१

समयः बिहान ९:३० बजे

स्थानः गल्छी गाउँ कार्यपालिकाको कार्यालय, बैरेनी

आज मिति २०८३/०१/२१ गते यस गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक देहायका पदाधिकारीहरुको समुपस्थितिमा बसी देहायका निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केदारनाथ खतिवडा | अध्यक्ष | |
| २ | श्री भाईकाजी तिवारी | उपाध्यक्ष | |
| ३ | श्री यदुकुमार खतिवडा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री षडानन्द खनाल | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री राजन भुजेल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राजु अधिकारी | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री सरोज लामा तामाङ | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री दिपक कुमार कार्की | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरि प्रसाद खतिवडा | ७ नं. वडा अध्यक्ष | |

| | | | |
|---|---|---|---|
| १० | श्री विशाल लुङ्गेली मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष कुमारी खनाल | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी अधिकारी | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री जानुका धिताल | कार्यपालिका सदस्य | |
| १५ | श्री सृजना घले | कार्यपालिका सदस्य | |
| १६ | श्री रमेश भुजेल | कार्यपालिका सदस्य | |
| १७ | श्री पुर्ण प्रसाद दुलाल | सचिव | |

प्रस्तावहरुः

१. प्रारम्भीक वातावरणीय अध्ययन प्रतिवेदन IEE को TOR स्वीकृत गर्ने सम्बन्धमा ।

२. निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८३ पारित गर्ने सम्बन्धमा ।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ सम्बन्धमा ।

४. विविध ।

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल

गल्छी गाउँपालिकाको ६५ औं कार्यपालिका बैठक

मितिः २०८३/०१/२१

## प्रस्ताव तथा निर्णयहरु

१. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को ToR स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयः गल्छी गाउँपालिका क्षेत्राधिकारभित्र पर्ने त्रिशुली नदीको किनारमा रहेका नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् कार्यको लागि बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्न तपसिल बमोजिमका कार्यसूचीहरु (Terms of Reference –ToR) स्वीकृतिका लागि जिल्ला समन्वय समितिको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

I. त्रिशुली नदीको विभिन्न बगर क्षेत्रहरु (निछान,कल्लेरीघाट, काली खोला दोभान, खोरंडे, बलौटे दोभान, कोल्या बगर) बाट ढुङ्गा,गिट्टी र बालुवाको दिगो उत्खनन् तथा संकलन कार्यको प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसूची (ToR)
II. त्रिशुली नदी (बहुमारा, स्यालटार, गंगटे, जिन्टे र छोटे बगर) बाट ढुङ्गा,गिट्टी र बालुवाको दिगो उत्खनन् तथा संकलन कार्यको प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसूची (ToR)

२. निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८३ पारित गर्ने सम्बन्धमा ।

निर्णयः गल्छी गाउँपालिकाक्षेत्रभित्र रहेका निजी वनहरुलाई व्यवस्थित गर्नका लागि "निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८३" पारित गर्ने निर्णय गरियो ।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ सम्बन्धमा ।

निर्णयः गल्छी गाउँपालिका संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) प्रतिबेदन, २०८२ सम्बन्धमा संघीय सरकारबाट प्रकाशन भएको **संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२** को दफा ७ (१(इ) बमोजिम हुनेगरी अन्तिम प्रतिवेदन मस्यौदा तयार गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको **सर्वेक्षण समिति** गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| शाखा प्रमुख, प्रशासन शाखा | - सदस्य सचिव |

गल्छी गाउँपालिकाको ६५ औं कार्यपालिका बैठक

मिति: २०८३/०१/२१

४. विविध ।

४.१ गल्छी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा 'ग' वर्गको अपाङ्गता भएका व्यक्तिहरु एवं एकल पुरुषहरुलाई प्रदान गर्नेगरी सामाजिक सुरक्षा भत्ताको प्रवन्ध भएकोमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४० मिति २०८१/०४/३० गतेको पत्रबाट गाउँपालिकाले थप सामाजिक सुरक्षा भत्ता प्रदान नगर्ने गरी पत्राचार भएकोले उपरोक्तानुसार प्रदान नगर्ने निर्णय गरियो ।

४.२ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३९८ मिति २०८३/०१/१४ गतेको प्राप्त पत्र र भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ६२५ मिति २०८३/०१/१० गतेको **भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रबाह गर्ने सम्बन्धी सूचना** अनुसार नेपालको संवैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु गाउँपालिकाबाट नै आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने गरी सेवा प्रवाह गर्नको लागि प्रस्ताव पेश गर्न आग्रह गरिएकोमा गल्छी गाउँपालिकाबाट नै भूमि प्रशासन सम्बन्धी सेवाहरु प्रवाह गर्ने गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

४.३ गल्छी गाउँपालिका गाउँ सभाबाट आ.व. २०८२/८३ मा योजना सञ्चालन हुने गरी वडा नं. ६ अन्तर्गत गर्दोखोला आसपासका बस्ती संरक्षण गर्ने उद्देश्यका साथ स्वीकृत गर्दोखोला चेक ड्याम निर्माण कार्य सम्पन्न भएको तथा सो स्थानमा चेक ड्यामहरु थप गरी खोलाको बहाव कम गरी बस्ती संरक्षण गर्ने नीति लिने र निर्माण भएको चेक ड्यामको संलग्न विल भरपाई र कार्य सम्पन्न प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानी दिने निर्णय गरियो । साथै गर्दो खोला अनियन्त्रित तथा धार परिवर्तन भईरहने हुँदा थप संरक्षणको लागि आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा समावेश गरी प्रदेश सरकारसँग बजेट माग गर्ने निर्णय गरियो ।

४.४ मिति २०८३/०१/१५ गते बसेको वडा नं. ६ को वडा समितिको बैठकको निर्णय अनुसार सोहि वडाको विविध शिर्षकमा विनियोजन भएको रकम रु. ७०००००/- मध्येबाट डुडीगैरा टयाङ्की संरक्षण शिर्षकमा रु. ९००००/- दिने गरी निर्णय भई आएकोले सोहि बमोजिम हुने गरी निर्णय गरियो ।

४.५ लोक सेवा आयोग, हेटौडाको च.नं. ५७२ मिति २०७७/०२/२६ गतेको सिफारिस पत्र र गल्छी गाउँ कार्यपालिकाको च.नं. २०५४ मिति २०७७/०३/०१ गतेको स्थायी नियुक्ति बमोजिम इन्जिनियरिङ सेवा सिभिल समूह स्यानिटरी उप समूह (सहायक चौथो) खा.पा.स.टे. पदमा कार्यरत कर्मचारी श्री लोकराज पाण्डेय (क.सं.नं. २३९९९८) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९१ मिति २०७७/०८/१० गतेको पत्र र यस गल्छी गाउँपालिकाको च.नं. ८३२ मिति २०७७/०८/२२ गतेको रमाना पत्र बमोजिम यस गाउँपालिकाबाट केदारस्युँ गाउँपालिका, बझाङमा कामकाज गर्न खटिई हालसम्म पनि सोहि स्थानमा कामकाज

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

गर्दै आउनु भएकोमा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेशको कर्मचारी पदस्थापन सम्बन्धी व्यवस्था बमोजिम निजको पदाधिकार गल्छी गाउँपालिका धादिङमा रहेको हुँदा हाल कामकाज गरिरहेको केदारस्युँ गाउँपालिकामा पदस्थापन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

४.६ गल्छी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार खानेपानी तथा सिंचाईको प्रयोजनका लागि सर्वसाधारणलाई वितरण गर्न ठेक्का मार्फत पाईप खरिद भएको छ । उक्त पाईपको लागि गाउँपालिकामा निवेदन दिने सामुदायिक वा समूहद्वारा सञ्चालन भएका खानेपानी एवं सिंचाई समितिलाई स्थलगत निरिक्षण प्रतिवेदन र प्राविधिक लागत अनुमान एवं वडा कार्यालयको सिफारिसका आधारमा लागत सहभागिता नलिने गरी वितरण गर्ने निर्णय गरियो।

४.७ स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय बागमती प्रदेश, हेटौंडाको प्राप्त पत्रबाट O.S. Engineering Nirman Sewa Pvt.Ltd. Nilakantha-3 Dhading लाई Construction and upgrading of Galchhi Gorapani Chakmake Road,Galchhi–8,Dhading Contract Identification N0. LIDPO/Htd/W/NCB/082-83/12 कार्यका लागि निर्माण सामग्रीहरु ढुङ्गा तथा ग्रावेल उपलब्ध गराउन पत्राचार गरेको र O.S. Engineering Nirman Sewa Pvt.Ltd. Nilakantha-3 Dhading को मिति २०८३/०१/१६ गतेको निवेदनबाट सोहि ठेक्का नं. LIDPO/Htd/W/NCB/082-83/12 Construction and upgrading of Galchhi Gorapani Chakmake Road, Galchhi – 8, Dhading निर्माणका क्रममा निर्माण सामग्रीहरु ढुङ्गा, बालुवा तथा ग्रावेलको अभाव भएकाले गल्छी – १ र गल्छी – ८ को सिमानामा रहेको त्रिशुली नदीको ८ नं. वडा तर्फको किनारमा रहेको निबुवाबोटे बगरबाट उत्खनन् गरी ४५० घन मिटर कच्चा पदार्थ (बालुवा तथा ग्रावेल मिसिएको बगरको सामग्री) प्रयोग गर्न अनुमति माग गरिएको एवं ८ नं. वडा कार्यालयबाट समेत सो सम्बन्धमा सिफारिस भएकोले गल्छी गाउँपालिका वडा नं. ८ को त्रिशुली नदीको निबुवाबोटे बगर क्षेत्रबाट उत्खनन् गर्न IEE को लागि ToR स्वीकृत भई सकेको प्राविधिक रिर्पोटमा उक्त स्थानमा ढुङ्गा बालुवा रहेको भन्ने प्रतिवेदन प्राप्त भएको र ८ नं. वडाको सडक निर्माण कार्यमा समेत सहजीकरण गर्नु पर्ने भएकाले प्रचलित कानून बमोजिम निबुवाबोटे बगर क्षेत्रमा ४५० घन मिटर सामाग्री, १ मिटर गहिराई नबढ्ने गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न सूर्योदय देखि सूर्यास्तसम्मको अवधिका लागि उत्खनन् गर्न प्रचलित कानून बमोजिम गाउँपालिकाबाट खटाइएका कर्मचारीको रोहबरमा प्रति क्युव फिट रु. ७ राजश्व दाखिला गरी उत्खनन् भएको सामाग्री ८ नं. वडाको सडकको स्तरोन्नतीमा प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल